जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# मिति २०७५।०९।१३ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रति

## निर्णय नं. १

सुन्दरबजार नगरपालिका वडा नं. ७ मा रहेको सुन्दरबजार अस्पतालमा प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पताल भवन निर्माणको लागि आवश्यक जग्गा उपलब्ध गराउन सार्वजनिक जग्गाको स्वामित्व उपभोग गर्न अस्पताल व्यवस्थापन समितिबाट जग्गा प्राप्ति सम्बन्धी ऐन, २०३४ बमोजिमको प्रक्रिया अवलम्बन गरी यसै नगरपालिका वार्ड नं. ७ मा रहेको ८४ रोपनी सार्वजनिक जग्गावाट आवश्यक ३५ रोपनी १० आना जग्गा उपलब्ध गराईदिन नेपाल सरकार समक्ष आवश्यक कागजात सहित निवेदन पेश भइसकेको अवस्थामा उक्त निवेदन सदर गरी जग्गा उपलब्ध गराईदिन नेपाल सरकारद्वारा आवश्यक निर्णयार्थ पहल गर्न आवश्यक सहयोग गराईदिनको लागि श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

## निर्णय नं. २

सुन्दरबजार नगरपालिका वडा नं. ७ मा सञ्चालित १५ शैय्याको सुन्दरबजार अस्पताल र वडा नं. ३ मा सञ्चालित प्राथमिक स्वास्थ्य केन्द्रमा विरामीको चाप तथा आपतकालीन एवं अप्रत्यासित स्वास्थ्य उपचार सेवाको लागि एम्बुलेन्स सेवा सञ्चालन गर्न अति आवश्यक देखिएको र नगरपालिकाको आफ्नै स्रोतबाट एम्बुलेन्स खरिद गर्न सम्भव नदेखिएकोले भारत सरकारलाई दुईवटा एम्बुलेन्स उपलब्ध गराई आपतकालीन स्वास्थ्य उपचार सेवामा सहयोगका लागि अनुरोध गरिदिनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

## निर्णय नं. ३

सुन्दरबजार नगरपालिका भित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको अनुगमन, मुल्यांकन तथा सुपरीवेक्षणको लागि एउटा उपयुक्त सवारी साधन(जीप) उपलब्ध गराई सहयोग गरिदिन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

## निर्णय नं. ४

सुन्दरबजार नगरपालिकाको नगरसभाबाट आ.व. २०७५/०७६ का लागि वडा स्तरीय योजना अन्तरगत वडा नं. ६ को योजना सि.नं. ९ मा ट्रान्सफर्मर खरिद गरी जडान गर्ने कार्यका लागि रु. ४५००००(चार लाख पचास हजार मात्र) विनियोजन गरेकोमा ट्रान्सफर्मर नेपाल विद्युत प्राधिकरणवाट निशुल्क उपलब्ध गराउने जानकारी प्राप्त भएकोले उक्त ट्रान्सफर्मर खरीदको योजनालाई सोही स्थानमै ट्रान्सफर्मरको जडान पछि विद्युत वितरणका लागि आवश्यक पर्ने पोल, तार तथा फिटिङ्ग्स खरिद गरी विद्युतीकतण गर्ने गरी योजनाको नाम संशोधन गर्ने निर्णय गरियो।

## निर्णय नं. ५

सुन्दरबजार नगरपालिकाको वडा नं. ९ भोटेवडार स्थित श्री भक्ति नमुना माध्यामिक विद्यालयमा संचालित प्राविधिक शिक्षा (सिभिल ओभरसियर) कार्यक्रमलाई दिगो तथा प्रभावकारी रुपमा निरन्तर संचालन गर्न विद्यालयको स्रोतबाट मात्र कठिनाई भएकोले उक्त कार्यक्रमलाई सार्वजनिक निजी साझेदारी (PPP Model) मा संचालन गर्न आवश्यक स्रोत साधनको उपलब्धता सहित सहयोग गरिदिन नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

गण्डकी प्रदेश, आन्तरीक मामिला तथा कानुन मन्त्रालयबाट लागत साझेदारीमा प्रहरी चौकी भवन निर्माणका लागि मिति २०७५/०९/०३ मा सुचना प्रकाशित गरी प्रस्ताव माग गरेकोले यस नगरपालिका वडा नं. ८, भोटेवडारमा प्रहरी चौकी भवन निर्माण हुने भएमा सो भवन निर्माणका लागि लाग्ने कुल लागतको १०%(दस प्रतिशत) लागत सहभागिता व्यहोर्ने गरी लागत प्रतिबद्धता दिने निर्णय गरियो।

निर्णय नं. ७

जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम यस नगरपालिका भित्र देहायका योजनाहरु चालु आर्थिक बर्ष २०७५/०७६ मा सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो।

क) तार्दी खोला खानेपानी योजना, सु.न.पा.-९
ख) सुन्दरबजार अस्पताल अधुरो भवन निर्माण
ग) भारती सदन मा.वि. विद्यालय भवन निर्माण, सु.न.पा.-८(प्राथमिकता १)
घ) सर्वोदय मा.वि. विद्यालय भवन निर्माण, सु.न.पा.-३(प्राथमिकता २)

निर्णय नं. ८

सुन्दरबजार नगरपालिका वडा नं. ९ मा संचालित भोटेवडार शहरी स्वास्थ्य केन्द्र र भोटेवडार आयुर्वेद औषधालयलाई भोटेवडार सामुदायिक भवनमा संचालन गरिन लागेको भोटेवडार एकीकृत स्वास्थ्य सेवा केन्द्रमा एकीकृत रुपमा स्थानान्तरण भई सेवा संचालन गर्न अनुमति दिने तथा सो एकीकृत स्वास्थ्य केन्द्रको सञ्चालन तथा व्यवस्थापनको लागि व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्ने गरी रु १०००००(एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो।